# निक्षेपकर्ता ग्राहक तथा शेयरधनीमहानुभावहरूलाई हिमालयन बैंक लिमिटेडको अत्यन्त जरूरी सूचना

यस बैंकले शेयरधनी महानुभावहरूलाई वितरण गरेको लाभांशको भुक्तानी घोषणा गरेको मितिले ५ बर्ष सम्म पनि हुन नसकेकोले देहायबमोजिमको लाभांश रकम भुक्तानी हुन बाँकी रहेको व्यहोरा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८२(३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| आर्थिक बर्ष | भुक्तानी हुन बाँकी लाभांश रकम |
|---|---|
| ०५०/५१ | १,३१,१००/- |
| ०५२/५३ (अन्तरिम) | १,५०,७५०/- |
| ०५२/५३ + ०५३/५४ (अन्तिम + अन्तरिम) | ३,०९,०००/- |
| ०५३/५४ + ०५४/५५ (अन्तिम + अन्तरिम) | ५,२१,२५०/- |
| ०५४/५५ + ०५५/५६ (अन्तिम + अन्तरिम) | २,८२,३१५/- |
| ०५५/५६ + ०५६/५७ (अन्तिम + अन्तरिम) | ३,९९,७९२.५० |
| ०५६/५७ + ०५७/५८ (अन्तिम + अन्तरिम) | ३,२८,३११.७५ |
| ०५७/५८ (अन्तिम) | १,०८,६४३.३६ |
| ०५८/५९ (अन्तिम) | ४,१६,३६०.४२ |
| ०५९/६० | बोनस शेयरमात्र वितरण गरिएको |
| ०६०/६१ | बोनस शेयरमात्र वितरण गरिएको |
| ०६१/६२ | ३,००,८८५.६२ |
| ०६२/६३ | ८,७१,८१६.३५ |
| ०६३/६४ | ६,२२,९६७.५० |
| ०६४/६५ | ११,३७,१५२.१६ |
| ०६५/६६ | ७,४९,७४४.०७ |
| ०६६/६७ | ११,१४,३६३.४७ |
| ०६७/६८ | २१,२४,३३२.५९ |
| ०६८/६९ | २२,२२,७६२.७८ |

साथै, यस बैंकले आ.व. २०५०/५१ देखी नै शेयरधनी महानुभावहरूलाई लाभांश वितरण गर्दै आएको व्यहोरा विदितै छ । कतिपय शेयरधनी महानुभावहरूले हालसम्म पनि लाभांश तथा बोनस शेयर लिन आउनु नभएको र बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा लाभांश पूर्जा तथा बोनस शेयर पठाउँदा समेत सम्बन्धित व्यक्ति फेला नपरेको र ठेगाना अस्पष्ट भएको कारणले बैंकमा नै फिर्ता आएको छ । तसर्थ, हालसम्म पनि लाभांश पूर्जा तथा बोनस शेयर प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरूले आफ्नो परिचयपत्र वा शेयर प्रमाणपत्र साथ लिई कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय कमलादी, काठमाडौं स्थित कानून तथा शेयर विभागमा १(एक) महिना भित्र सम्पर्क राखी आफ्नो लाभांश पूर्जा तथा बोनस शेयर बुझी लिनु हुन कम्पनी ऐन, २०६३ को दफा १८२ (१०) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

साथै, यस बैंकमा विभिन्न मितिमा चल्तीमा तथा बचत निक्षेप खाता खोली विगत दस वर्ष वा सो भन्दा बढी समयदेखि ती खाताहरू संचालन नगर्नु भएका निक्षेपकर्ता ग्राहकमहानुभावहरूलाई आफ्नो चल्ती तथा बचत निक्षेप खाता रहेको सम्बन्धित शाखामा आवश्यक कागजात सहित यथाशीघ्र सम्पर्क गरी आ-आफ्ना खाताहरू नियमित गराउन अनुरोध गर्दछौं ।

पुनश्च: दस वर्ष वा सो भन्दा बढी समयदेखि संचालनमा नरहेका निष्क्रिय खाताहरू (Dormant Accounts) संग सम्बन्धित निक्षेपकर्ता महानुभावहरू तथा ५ वर्ष वा सो भन्दा बढी समयदेखि लाभांश रकम/लाभांश पूर्जा नलिनु हुने शेयरधनी महानुभावहरूको नाम नामेशी सहितको विवरण यस बैंकको वेबसाइट www.himalayanbank.com मा राखिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

HBL Himalayan Bank Ltd.

हिमालयन बैंक लि.
केन्द्रीय कार्यालय, कमलादी, काठमाडौं ।
फोन नं. ०१-४२२७७४९, ०१-४२५०२०१, फ्याक्स ०१-४२२२८००

कारोबार दैनिक (1-1-17)

मित्रिन जानकारी दिए ।